# सूचिदर्ता गराउने सम्बन्धी सूचना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) अनुसार मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, संस्थां, आर्पूतिकर्ता, निर्माण, व्यवसायी, परार्मशदाता, गैर सरकारी सस्था वा सेवा प्रदायकले तोकिएको कागजात सहित आफूले सूचिकृत हुन चाहेको समूह खुल्ने गरी यस आयोजनामा आवेदन दिन हुन सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**आवेदन संग संलग्न गर्नु पर्ने कागजातहरुः**

**(क) व्यक्ति परार्मशदाता वाहेक अन्य सबैको हकमा निवेदन सहित निम्न कागजातहरुको प्रतिलिपि समेत समावेश गर्नु पर्नेछ ।**

१.सस्था वा फर्म दर्ताको प्रमाणपत्र ।

२.स्थायी लेखा नम्बर र मूल्यअभिवृद्धि कर दर्ताको प्रमाणपत्र ।

३.कर चुक्ता प्रमाणपत्र ।

४.व्यावसायिक इजाजतपत्र आवश्यक पर्ने हकमा व्यावसायिक इजाजतपत्र ।

५.सम्वन्धित क्षेत्रको अनुभवको कागजात समेत पेश गर्न सकिने छ ।

**(ख) व्यक्ति परामर्शदाताको हकमा**

१.नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

२.स्थायी लेखा नम्बर (PAN )

३.पछिल्लो समय अद्यावधिक गरेको वायोडाटा (CV) दस्तखत सहित ।

४.व्यक्ति परामर्शदाताको रुपमा परार्मशसेवा उपलब्ध गराउन सक्ने मुख्य क्षेत्र र विषयको जानकारी।

५.व्यक्ति परामर्शदाताले आफ्नो सेवा उपलब्ध गराउन सक्ने क्षेत्रको अनुभव र योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

६.व्यक्ति परार्मशदाता सम्झौताको लागि छनौट भएमा सम्झौता गरेको ३० दिनभित्र मूल्य अभिवृद्धि कर मा दर्ता भई दर्ता नम्बर उपलब्ध गराउनु पर्नेछ ।

(ग) आयोजना लाई खरिदको लागि प्रस्ताव माग गर्नु पर्ने आवश्यकता भएमा मौजुदा सूचीमा दर्ता भएका त्यस्ता व्यक्ति, सस्था, आर्पूतिकर्ता, निमार्ण व्यवसायी, परार्मशदाता, गैर सरकारी सस्था वा सेवाप्रदायकहरु लाई लिखित जानकारी गराई प्रस्ताव माग गरिने छ ।

(घ) प्रस्ताव माग गर्ने वा नगर्ने भन्ने बारेको अधिकार आयोजनामा सुरक्षित रहनेछ ।

**नेपाल खानेपानी संस्थान**

**बुटवल खानेपानी आयोजना, बुटवल**

०६८।०९।२६

**आयोजना उप प्रमुख**

# आयोजनालाई आवश्यक परेको सूचीकृत गर्नुपर्ने समूहहरु

२०४६

| सि.न. | सूचिकृत को लागि तोकिएको समूह | विवरण |
|---|---|---|
| १ | छपाई सम्बन्धि कार्यको लागि समूह । | आयोजनालाई आवश्यक पर्ने लेटर प्याड,रजिष्टर विभिन्न फारामहरु, पत्रपत्रिका, बुलेटिन आदि छपाई प्रयोजनकालागि । |
| २ | मर्मत सम्भांर सेवा प्रदान गर्ने समूह । | सवारी साधन,विभिन्न मेशिनरी तथा उपकरण हरुको मर्मत सम्भांर गर्ने प्रयोजनका लागि । |
| ३ | फर्म परामर्शदाताको समूह । | आयोजनालाई आवश्यक पर्ने विभिन्न प्रकृतिका परामर्श सेवा फर्म, सस्थां वाट प्राप्तगर्ने प्रयोजनका लागि । |
| ४ | व्यक्ति परामर्शदाताको समूह । | आयोजनालाई आवश्यक पर्ने विभिन्न प्रकृतिका परार्मश सेवा व्यक्ति वाट प्राप्तगर्ने प्रयोजनका लागि । |
| ५ | स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्तिगर्ने समूह । | आयोजनाको लागि दैनिक आवश्यक पर्ने विभिन्न स्टेशनरी तथा मसलन्द सामानहरु खरिद गर्ने प्रयोजनका लागि । |
| ६ | इलेक्ट्रोनिक्स सामान तथा उपकरणहरुको आपूर्तिगर्ने समूह । | आयोजनालाई आवश्यक पर्ने विभिन्न किसिमको इलेक्ट्रोनिक्स तथा अन्य उपकरणहरु (हिटर, पंखा, टेलिफोन,कम्प्यूटर प्रिन्टर, फोटोकपि मेशिन, युपियस, ल्यापटप आदि) खरिद गर्ने प्रयोजनका लागि । |
| ७ | सार्वजनिक निर्माण/मर्मत सम्बन्धि समूह । | आयोजनालाई आवश्यक पर्ने विभिन्न किसिमको सार्वजनिक निर्माण/मर्मतको सेवा खरिद गर्ने प्रयोजनका लागि । |
| ८ | अन्य सेवा प्रदान गर्ने समूह । | आयोजनालाई आवश्यक पर्ने, ढुवानी, भाडा लगायत अन्य विभिन्न किसिमको आवश्यक सेवाहरु खरिदगर्न आवश्यक परेको बेला खरिद गर्ने प्रयोजनका लागि । |

०६८।०९।२६

आयोजना उप प्रमुख